पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

newsofnepal.com

राष्ट्रिय दैनिक

बिहीबार, असोज ८, २०८३ | Thursday, September 24, 2026 | नेसं ११४६, ञलाथ्व १३ | वर्ष ३१, अंक २२३ | पृष्ठ ८+४ | मूल्य रू १०/–

ई IMAGE HD

# तीन दिन मुसलधारे वर्षा, बाढी-पहिरोको उच्च जोखिम

## नागपुरबाट भित्रिँदै, उपत्यकासहित देशैभर 'अति भारी' वर्षा हुने

ईश्वरराज ढकाल, काठमाडौँ

जल तथा मौसम विज्ञान विभागले आज बेलुकादेखि देशैभर अत्यधिक वर्षा हुने अनुमान गरेको छ। नागपुर हुँदै भैरहवाबाट प्रवेश गर्ने वर्षा २ सयदेखि ४ सय मिलिमिटरसम्मको हुनेछ। त्रिभुवन विश्वविद्यालय जल तथा मौसम विज्ञान विभागका प्राध्यापक एवं मौसमविद् दीपक अर्यालले हिजो बुधवार साँझ भारतको नागपुरमा प्रवेश गरेको वर्षा लुम्बिनी प्रदेशको भैरहवा हुँदै प्रवेश गर्ने र भोलि साँझ वा बेलुकादेखि लगातार ३ दिनसम्म अति भारी वर्षा हुने जानकारी दिनुभयो।

उहाँले राजधानीमा पनि भारी वर्षा हुने सम्भावना रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'उपत्यकामा पनि भारी वर्षा हुनेछ, सम्भवतः डुबानै हुने सम्भावना छ। ५० मिलिमिटरमा डुबान हुने काठमाडौँ उपत्यका २ सय मिलिमिटरसम्म वर्षा भए पूर्ण डुबान हुनेछ।'

(क्रमशः पृष्ठ ५ मा)

### सावधानी अपनाऔँ : प्रधानमन्त्री शाह

काठमाडौँ, (नेस)

यसैबीच प्रधानमन्त्री बालेन्द्र शाहले सम्भावित वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव, डुबान तथा सडक र हवाई यातायातमा समेत अवरोध हुन सक्ने भएकाले सम्पूर्ण नागरिकलाई आवश्यक सावधानी अपनाउन अनुरोध गर्नुभएको छ। संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा भाग लिन अमेरिकाको न्युयोर्क पुग्नुभएका प्रम शाहले अमेरिकाबाटै फेसबुकमा स्टाटस लेखेर अनुरोध गर्नुभएको हो।

(क्रमशः पृष्ठ ५ मा)

### अब २ दिनअगावै आकस्मिक बाढीको सूचना पाइने

काठमाडौँ, (नेस)

जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले अब दुई दिनअगावै आकस्मिक बाढीको पूर्वानुमान गर्ने भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठ र गृहमन्त्री सुधन गुरुङले मंगलवार जल तथा मौसम विज्ञान विभाग पुगेर पूर्वतयारी र पूर्वसूचना प्रणालीलाई बलियो बनाउन निर्देशन दिएको भोलिपल्ट आकस्मिक बाढी पूर्वानुमानको समयावधि विस्तार गरेको हो।

जल विज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रका प्रवक्ता डा. राजन भट्टराईका अनुसार जल विज्ञान तथा बाढी पूर्वानुमान र पूर्व सूचनासम्बन्धी सेवामा थप सुधार गर्दै बुधवारदेखि तोकिएको प्रमुख नदीहरूको बाढीको पूर्वानुमानको समयावधि ३ दिनबाट ५ दिन तथा नेपालभरका स-साना नदीहरूमा आकस्मिक बाढीको जोखिम पूर्वानुमान १ दिनबाट २ दिनसम्म विस्तार गरेको छ।

**'बाटो र मौसम हेरेर मात्र यात्रा गर्नु'**

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले आज बिहीवारदेखि असोज १२ गतेसम्म बाटो र मौसमको अवस्था हेरेर मात्र यात्रा गर्न आग्रह गरेको छ। बुधवार सार्वजनिक सूचना जारी गर्दै महासंघले यात्रा गर्नुपूर्व बाटो र मौसमको अवस्था बुझ्न आग्रह गरेको हो।

(क्रमशः पृष्ठ ५ मा)

■ बाढीपछि त्रिशूलीमा राज्यको उदासीनता

# नदी किनारमा सिनोको दुर्गन्ध, हजारौँ अझै बेपत्ता

## उद्धारपछि व्यवस्थापनमा सरकारको उपस्थिति किन हराउँदै छ ?

दीपक रिजाल, काठमाडौँ

भदौ १० गतेको भोटेकोशी बाढीले त्रिशूलीको बहावसँगै बगाएर लगेको मानवीय पीडा अझै किनारमै थुप्रिएको छ। बाढी गएको एक महिना पुग्न लाग्दा त्रिशूली नदीको दायाँ-बायाँ क्षेत्रमा दुर्गन्ध फैलिन थालेको छ। नदी किनारमा मानवीय तथा पशु अवशेष भेटिन थालेका छन्। चील, गिद्ध, स्याल र कुकुरले बालुवा उधिनेर सिनो खोजिरहेका दृश्यले बाढीपीडितलाई फेरि अर्को त्रासमा धकेलेको छ।

बाढीले घर, परिवार, सम्पत्ति र जीविकोपार्जन गुमाएका स्थानीयका लागि विपत्ति सकिएको छैन। बरू पानी घटेसँगै विपत्तिको अर्को अनुहार देखिन थालेको छ। बेपत्ताको खोजी, शव तथा अवशेषको व्यवस्थापन, नदी सरसफाइ, स्वास्थ्य निगरानी र प्रभावित बस्तीको सुरक्षा अहिले चुनौतीका रूपमा देखिन थालेको छ। तर यही बेला नदी आसपासका क्षेत्रमा सरकारी उपस्थिति कमजोर हुँदै गएको स्थानीयको गुनासो छ।

(क्रमशः पृष्ठ ५ मा)

### सेना प्रहरी कहाँ गए ?

धादिङ बैरेनीका राजन श्रेष्ठको प्रश्न पनि उस्तै छ। 'बाढी आउँदा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी सबै परिचालन भए। अहिले नदी किनारमा सिनो देखिँदा व्यवस्थापन गर्ने जिम्मेवारी कसको हो ?' उहाँ प्रश्न गर्नुहुन्छ।

बाढीपछि उद्धारमा खटिएका सुरक्षा निकायलाई क्रमशः अन्य जिम्मेवारीमा फर्काइए पनि नदी र तटीय क्षेत्रको निगरानी तथा अवशेष व्यवस्थापनका लागि स्थानीय प्रशासनले स्पष्ट संयन्त्र बनाएको छ कि छैन ? भन्ने प्रश्न उठेको छ।

सरकारले भने रसुवा-भोटेकोशी बाढीका लागि आधिकारिक उद्धार पोर्टल सञ्चालनमा राखेको छ। जिल्ला प्रशासन कार्यालय रसुवाले समेत शव संकलन, बेपत्ता व्यक्ति, राहत तथा बाढीपछिको प्रतिकार्य योजनासम्बन्धी विवरण सार्वजनिक गर्दै आएको छ। तर प्रभावित तल्लो तटीय क्षेत्रका स्थानीयको गुनासो भने कागजमा रहेको प्रतिकार्य र मैदानमा देखिने प्रतिकार्यबीच दूरी बढेको छ।

राज्यको असफलता उद्धारमा होइन, उद्धारपछिको व्यवस्थापनमा देखिँदैछ। विपद् व्यवस्थापनको सफलताको मापन उद्धार गरिएका मानिसको संख्याले मात्र हुँदैन। हराइरहेका मानिसको खोजी, शवको सम्मानजनक व्यवस्थापन, परिवारलाई सूचना, पहिचानका लागि डीएनए प्रक्रिया, विस्थापितको पुनःस्थापना, वातावरणीय सफाइ र रोगको जोखिम नियन्त्रण पनि त्यसकै हिस्सा हुन्। यही ठाउँमा अहिले राज्यको परीक्षा भइरहेको छ।

(क्रमशः पृष्ठ ५ मा)

# केयूका संस्थापक उपकुलपति प्रा. डा. शर्माको निधन

नेपाल समाचारपत्र, काठमाडौँ

काठमाडौं विश्वविद्यालय (केयू)का संस्थापक उपकुलपति प्रा. डा. सुरेशराज शर्माको बुधबार साँझ निधन भएको छ। ८७ वर्षीय शर्माको काठमाडौंको ह्याम्स अस्पतालमा उपचारका क्रममा हिजो साँझ ६:५० बजे निधन भएको उहाँका सहयोगी गणेश बडालले जानकारी दिनुभयो।

लिभरमा समस्या देखिएपछि शर्मालाई आइतबार अस्पताल भर्ना गरिएको थियो। उपचारका क्रममा मंगलबार स्वास्थ्यमा थप समस्या देखिएपछि उहाँलाई आईसीयूमा राखिएको थियो। आईसीयूमै उपचारका क्रममा उहाँको निधन भएको



बडालले बताउनुभयो।

सिन्धुलीको खुर्कोटमा जन्मिनुभएका शर्माको नेपालको प्राविधिक तथा उच्च शिक्षा विकासमा महत्वपूर्ण योगदान रहेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) स्थापना भएपछि उहाँ पहिलो कार्यकारी निर्देशक बन्नुभएको थियो।

काठमाडौं विश्वविद्यालय स्थापनाका लागि सक्रिय भूमिका निर्वाह गर्नुभएका शर्मा विश्वविद्यालयका संस्थापक उपकुलपति हुनुहुन्थ्यो। उहाँ सन् १९९१ देखि २०१२ सम्म लगातार विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारीमा रहनुभएको थियो। हाल उहाँ काठमाडौं विश्वविद्यालयको बोर्ड अफ ट्रस्टीमा आबद्ध हुनुहुन्थ्यो।

(क्रमशः पृष्ठ ७ मा)



**इन्द्रजात्राको तयारी :** काठमाडौंको ऐतिहासिक हनुमानढोका दरबार परिसरमा इन्द्रजात्राको अवसरमा परम्परागत विधिअनुसार लिङ्गो ठड्याउने कार्य भइरहेको छ । काठमाडौं उपत्यकाको महत्वपूर्ण सांस्कृतिक पर्व इन्द्रजात्राको सुरुवातसँगै लिङ्गो ठड्याउने परम्पराले धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको छ । तस्वीर : अनिल आङदेम्बे

**शान्तिपूर्ण समाज निर्माण गरौं**

- ☑ शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- ☑ मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- ☑ जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- ☑ बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- ☑ हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- ☑ सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- ☑ परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सात वर्षअघिको विवादित होटल सम्झौता

## कारबाहीबिनै फेरि रिजालकै जिम्मामा क्वालालम्पुर क्रु बसाइँ

नेपाल समाचारपत्र, काठमाडौँ

नेपाल वायुसेवा निगममा क्वालालम्पुरमा चालक दलका सदस्य राख्ने होटल छनोटसम्बन्धी सात वर्ष पुरानो विवाद टुंगो नलाग्दै त्यही प्रक्रियामा जोडिएका वरिष्ठ पाइलट सुवास रिजालकै नेतृत्वमा पुनः होटल छनोट प्रक्रिया अघि बढाइएको छ।

क्वालालम्पुरस्थित सेरी प्यासिफिक होटलसँग गरिएको पुरानो सम्झौतामा प्रक्रिया र मूल्यांकनमै गम्भीर प्रश्न उठेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्न निर्देशन दिएको थियो। निगमले समेत उपसमिति गठन गरी छानबिन गरेको थियो। तर, उक्त छानबिनबाट उठेका प्रश्नको निष्कर्ष र जिम्मेवारमाथिको कारबाही सार्वजनिक नभएकै अवस्थामा रिजाल पुनः अपरेसन्स विभागको नेतृत्वमा हुनुहुन्छ।

निगमको सार्वजनिक सूचनाअनुसार क्वालालम्पुरमा चालक दलको बसाइँ व्यवस्थापनका लागि यसबीच पुनः बोलपत्र तथा सिलबन्दी कोटेसनको प्रक्रिया अघि बढाइएको छ। निगमले २०२५ मा 'क्रु लेओभर सर्भिस एट क्वालालम्पुर' का लागि पुनः बोलपत्र आह्वान गरेको थियो भने २०२६ मा पनि क्वालालम्पुर क्रु लेओभरका लागि सिलबन्दी कोटेसनसम्बन्धी सूचना जारी गरेको देखिन्छ। पुरानो विवादको केन्द्रमा सेरी प्यासिफिक होटलसँग गरिएको सम्झौताको प्रक्रिया थियो।

नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको छानबिन उपसमितिको प्रतिवेदनअनुसार निगमले अक्टोबर १०, २०१७ मा नोभेम्बर १, २०१७ देखि अक्टोबर ३१, २०१९ सम्मका लागि होटल सेवा माग गर्दै आरएफपी जारी गरेको थियो। होटल छनोट भने २८ अक्टोबर २०१७ मा भएको थियो।

> अख्तियार र निगमकै छानबिनले प्रश्न उठाएको सम्झौताका मुख्य पात्र फेरि अपरेसन्स प्रमुख, क्वालालम्पुर होटल छनोट प्रक्रिया पुनः अघि बढ्यो

तर सेरी प्यासिफिकसँग गरिएको सम्झौतामा सेवा अवधि अगस्ट १, २०१७ देखि नै सुरु हुने उल्लेख थियो। होटलका तर्फबाट जुलाई ३१, २०१७ मै सम्झौतामा हस्ताक्षर भएको थियो। अर्थात्, आरएफपी जारी हुनुभन्दा करिब साढे दुई महिनाअघि नै होटलतर्फबाट सम्झौता भएको देखिन्छ।

निगमका तर्फबाट भने तत्कालीन अपरेसन्स निर्देशक सुवास रिजालले नोभेम्बर ११, २०१८ मा मात्र हस्ताक्षर गर्नुभएको थियो। यसरी होटल र निगमका तर्फबाट भएको हस्ताक्षरबीच करिब १६ महिनाको अन्तर देखिएको छ। छानबिन उपसमितिले सम्झौताको अवधि, आरएफपीअघि होटलले गरेको हस्ताक्षर र निगमका तर्फबाट लामो समयपछि गरिएको हस्ताक्षरलाई प्रक्रियागत रूपमा अनुपयुक्त ठहर गरेको थियो।

उपसमितिले चालक दललाई होटलसम्म लैजाने-ल्याउने क्रु ट्रान्सपोर्टको खरिद प्रक्रियामाथि समेत प्रश्न उठाएको थियो। प्रतिवेदन अनुसार अगस्ट १, २०१५ देखि जुलाई ३१, २०१७ सम्म प्यासिफिक लिमो सर्भिससँग क्रु ट्रान्सपोर्टको सम्झौता गरिएको थियो। तर सेवा प्रदायक छनोट गर्दा प्रतिस्पर्धात्मक खरिद प्रक्रिया भएको प्रमाण फेला नपरेको उपसमितिको प्रतिवेदनमा उल्लेख छ।

सम्झौताको अवधि सकिएपछि पनि सोही कम्पनीबाट पुरानै दरमा सेवा लिइएको पाइएको प्रतिवेदनमा उल्लेख छ। अझ, होटल छनोटका लागि जारी आरएफपीमा होटलको कोठा शुल्कमै चालक दलको यातायात व्यवस्था समावेश हुनुपर्ने व्यवस्था थियो।

(क्रमशः पृष्ठ ७ मा)

# सतर्कता अपनाउन प्रशासनको आग्रह

नेपाल समाचारपत्र, लमजुङ

भारी वर्षाको सम्भावना देखिएपछि जिल्ला प्रशासन कार्यालय लमजुङले बेंसीसहर-चामे सडकखण्डसहित जिल्लाका ग्रामीण सडकमा उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

मौसम पूर्वानुमान महाशाखाले शुक्रबारदेखि आइतबार (असोज ११ गते) सम्म गण्डकी प्रदेशका केही स्थानमा भारीदेखि धेरै भारी वर्षा हुन सक्ने प्रक्षेपण गरेपछि प्रशासनले सम्भावित विपद्को जोखिमलाई मध्यनजर गर्दै पूर्वतयारीमा जोड दिएको हो।

जिल्ला प्रशासन कार्यालय लमजुङका सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले सूचना जारी गर्दै स्थानीय तह तथा विपद् व्यवस्थापनसँग सम्बन्धित निकायलाई आवश्यक सतर्कता अपनाउन र पूर्वतयारी अवस्थामा रहन आग्रह गर्नुभएको छ। विशेष गरी, बेंसीसहर-चामे सडकखण्डका विभिन्न ठाउँमा सामान्य वर्षामै पहिरो जाने भएकाले ठूलो वर्षा भएमा सडक अवरुद्ध हुने, बाढी-पहिरो आउने तथा यातायात प्रभावित हुने जोखिम रहेको प्रशासनले जनाएको छ।

प्रशासनले सम्भावित जोखिमयुक्त क्षेत्रमा निगरानी बढाउन सम्बन्धित निकायलाई आग्रह गर्दै वर्षाको समयमा अनावश्यक यात्रा नगर्न र यात्रा गर्नैपर्ने अवस्था भए सडकको अवस्था बुझेर मात्र आवत-जावत गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ।

## खानेपानीको चरम अभाव
# कुवा र खोल्साखाल्सीकै भरमा तीन पालिका

माधव पोखरेल, उदयपुर

वर्षौंदेखि तीन वटा पालिकाबासीले खोलाखोल्सी, कुवा, पँधेरोको पानीबाट जीवन गुजारा गर्दै आएका ताप्ली, रौतामाई र लिम्चुङबुङ गाउँपालिकाका करिब ३७ हजार उपभोक्ताले स्वच्छ खानेपानीको सुविधाबाट वञ्चित भएका छन्। दुर्गमलाई लक्षित गरी सञ्चालनमा ल्याइएको सुनकोशी खानेपानी आयोजनाको निर्माणकार्य पनि ढिलाइ हुँदा उनीहरू समस्यामा परेका हुन्।

ताप्ली गाउँपालिका-५ कुनाहीस्थित सुनकोशी किनारामा सम्पवेल राखेर निर्माण गर्न लागिएको कोशी प्रदेशकै सबैभन्दा ठुलो खानेपानी योजनाको काममा ढिलासुस्ती भएपछि उपभोक्ता स्वच्छ खानेपानी उपभोगबाट वञ्चित हुँदै आएका छन्। खानेपानी तथा ढल व्यवस्थापन कार्यालय विराटनगरले उक्त आयोजनामा सञ्चालन गरेको हो। त्यस क्षेत्रका स्थानीयमा सुनकोशी नदीको स्वच्छ खानेपानी उपभोग गर्न पाउने समय कहिले आउने हो भन्ने अन्योल छाएको छ।

नेपाल सरकार खानेपानी मन्त्रालयअन्तर्गत रहेको जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनामार्फत संघीय खानेपानी तथा ढल व्यवस्था कार्यालय विराटनगरले १ सय १६ करोडभन्दा बढीको लागतमा झन्डै चार वर्ष पहिले लिफ्टिङ सिस्टमका दुई छुट्टाछुट्टै सुनकोशी खानेपानी योजना निर्माणको काम सुरू गरेको थियो। निर्माण कम्पनी र आयोजना सञ्चालक कार्यालयको ढिलासुस्तीका कारण निर्धारित समयसीमाभित्र योजनाको काम सम्पन्न नहुने भएको हो।

नेपाल सरकारको १ अर्ब १६ करोड रुपियाँको लगानीमा २०८२ साल असार ३० गतेभित्र निर्माणसम्पन्न गर्ने गरी सुनकोशी खानेपानी आयोजनाको स्किम-१ अन्तर्गत लिम्चुङबुङ गाउँपालिकाका वडा नं. १ देखि ५ सम्म र रौतामाई गाउँपालिकाको वडा नं. १ देखि ३ सम्मका ३ हजार २ सय ७२ घरधुरीका १९ हजार १ सय ४१ उपभोक्तालाई स्वच्छ खानेपानीको सुविधा उपभोग गर्न पाउने गरी उक्त योजना कार्यान्वयनमा ल्याएको थियो।

योजनाको स्किम-२ अन्तर्गत ताप्ली गाउँपालिकाका वडा नं. १ देखि ५ सम्मका ३ हजार ५६ घरधुरीका १७ हजार ८ सय ७९ उपभोक्तालाई ६ हजार ३ सय २७ वटा धारामार्फत स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउनुपर्ने भए पनि हालसम्म पाइप लाइन गाड्ने काम पनि नसकिएको ताप्ली गाउँपालिकाकी उपाध्यक्ष धनम मगरले बताउनुभयो। तीन पालिकाका ६ हजार ३ सय २७ घरधुरीका कूल ३७ हजार २० जना उपभोक्तालक्षित आयोजना तयार पारिएको हो।

बृहत् लिफ्टिङ सुनकोशी खानेपानी आयोजनाअन्तर्गत स्थानीय उपभोक्ताले नगद जम्मा गर्नुपर्ने एक प्रतिशतले हुने रकम १ करोड ५८ लाख ९६ हजार ५ सय ५२ रुपियाँ सम्बन्धित पालिकाले यसअघि नै जम्मा गरिदिएको तर ठेकेदारले ढिलाइ गर्दा योजनाको काम अगाडि नबढेको ताप्ली गाउँपालिकाका अध्यक्ष ढुंगराज विकले बताउनुभयो।

आयोजनामा स्किम-२ अन्तर्गत ताप्ली गाउँपालिका-५ को कुनाही र स्किम-१ अन्तर्गत लिम्चुङबुङ गाउँपालिका-१ को राकुली दोभानस्थित सुनकोशी नदीकिनारामा सम्पवेल बनाएर क्रमश: २५ र ३५ किलोमिटरमाथि च्यानडाँडा र दोबाटे भञ्ज्याङसम्म कोशीको पानी तानेर उपभोक्तालाई वितरण गरिने छ। स्किम-१ का आठ ठाउँमा पम्पिङ गरी प्रतिसेकेन्ड १७ दशमलव ५ लिटर र स्किम-२ मा सात ठाउँमा पम्पिङ गरी प्रतिसेकेन्ड १६ दशमलव ५ लिटर पानी तानेर रिजर्भ ट्याङ्कीमा जम्मा गरी उपभोक्तालाई पाइपमार्फत घर-घरमा वितरण गरिने आयोजना प्रमुख इन्जिनियर टेकबहादुर चौधरीले बताउनुभयो।

हालसम्म दुई वटा सम्पवेल, चार वटा रिजर्भ लिफ्ट ट्याङ्की र ६ सय ७७ किलोमिटर पाइप लाइनमध्ये करिब ५ सय ५० किलोमिटर पाइपलाइन निर्माणको काम सम्पन्न भएको तथा स्किम-१ र स्किम-२ अन्तर्गत ५८ करोड ७४ लाख ७७ हजार ५ सय २५ रुपियाँ भुक्तानीसमेत दिइसकिएको उहाँको कथन छ।

'योजना विकट ठाउँमा भएकाले निर्धारित समयमा काम सम्पन्न गर्न आफूलाई निकै मुस्किल परेको छ', निर्माण कम्पनी मृत सञ्जीवनी एचएम ज्वाइन्ट भेन्चरका ठेकेदार करुण श्रेष्ठले भन्नुभयो- 'व्यक्ति विशेषले पाइप लाइन खन्न जग्गा दिनमा किचलो गर्ने गरेको र निर्माण सामग्री ढुवानी गरेर लैजान सडकको पहुँच पनि नभएकाले काम गर्न कठिन भएको हो।'

सोही योजनाको सामग्री लिन छिमेकी मुलुक चीन जान लागेकाले अब केही दिनपछि धमाधम काम सुरू गर्ने उहाँले बताउनुभएको छ।


**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Urban Development & Building Construction**
**New Town Project**
**Baireni Galchhi, Dhading**

## Re-Invitation for Bids (Hard Copy)

**Date of publication : 2083/06/08**

1. The Tender notice previously published by this office through PPMO e-GP system on 2083-05-01 has been cancelled due to technical issues in the PPMO e-GP system. Accordingly, this notice is re-published for the information of all concerned, incorporating the details set forth below.
2. New Town Project office, Baireni, Dhading invites Sealed Bids (Hard Copy) from eligible bidders for the following works:

| S. N. | Contract ID | Work Descriptions & Site | Minimum AACT (NRs. in Million) | Bid Security Amount (NRs.) | Bid Validity Period/ Bid Security Validity Period | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1. | NTPO/BAIRENI GALCHHI/NCB WORKS/E-BID/ 01-083-84 | Construction for completion of remaining works of Thulochaur Park and access road, Galchhi Rural Municipality ward No.-1, Dhading | 39.00 milllion | 7,00,000.00 | 90 days/120 days | 5000.00 |

| Pre-bid Meeting | Last date of purchase of bids | Last date of submission of bids | Opening of bid |
|---|---|---|---|
| 2083-06-19 13:00 Hrs. | 2083-06-28 17:00 Hrs. | 2083-06-29 12:00 Hrs. | 2083-06-29 14:00 Hrs. |

3. Information to deposit the cost of Bidding Document in bank:
   Name of the Bank: **Rastriya Banijya Bank Ltd** Name of Office : **New Town Project Office Baireni Galchhi Dhading**
   Office Code no. : **337063001** Account no.: **KA-1-1-004** Rajaswa (revenue) Shirshak no. :**14229**
4. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
5. A complete set of Bidding Documents shall be purchased from **New Town Project office Baireni, Dhading** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee in the account as specified above till **(2083-06-28)** during office hours.
6. Sealed bids (Hard Copy) must be submitted to **New Town Project office Baireni, Dhading** on or before **12:00 Hrs till (2083-06-29).** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 Hrs. on 2083-06-29** at the office of **New Town Project office Baireni, Dhading.**
8. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders must submit Bid Security along with the Technical Bid as mandatory document.
10. **New Town Project office Baireni, Dhading** reserves all the rights partially, or fully to amend, reject, or cancellation of notice without specifying any reasons.Eligible Bidders may obtain further information from **New Town Project office Baireni, Dhading** (email: ntogalchi@gmail.com).

**Project Chief**



**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Roads**
**Roads Division Damak**

## Invitation for Bids

**Notice Number: RD-DMK/2083/84-03**
**Date of Publication: 2083/06/08 (24th Sep 2026)**

The Invitation for Bids No. RD-DMK/2083/84-02 previously published by this Division on 2083/04/26 through the e-GP portal of PPMO has been cancelled due to the technical issues encountered in the e-GP system. Accordingly, the Invitation for Bids has been Published with following details:

1. Roads Division Damak invites Sealed Bids (Hard Copy only) from duly registered eligible National Bidders for the following Works under National Competitive Bidding Procedure.

| S. N. | Contract Identification Number | Description and Location of Work | Average Annual Construction Turnover, NRs, Million | Specific Experience Requirements | Bid Capacity NRs, Million | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RD-DMK/ 33701169-4/ 2083/84-03(Re) | Blacktopped Road Construction Works including related Structural Works along Biratpokhari Dakshin Sukumbasi Basti Hudai Mul Sadak Sainik Bazar Jodne Sadak, Jhapa | 65.00 | As Stated in Section III Evaluation and Qualification Criteria of Bid Document | 35.00 | 5,000.00 | 11,00,000.00 | 90 days / 120 days | Single Stage Two Envelope Bidding Procedure |
| 2 | RD-DMK/ 33701138-4/ 2083/84-04(Re) | Road Rehabilitation and Upgradation works along Damak Chakrapath Sadak, NH-78 | 52.00 | | 28.00 | 5,000.00 | 9,00,000.00 | 90 days / 120 days | |
| 3 | RD-DMK/ 33701138-4/ 2083/84-05(Re) | Road Widening and related structural works along Charali- Chihanedanda Section of Mechi Highway, NH-02 | 40.00 | | 21.00 | 5,000.00 | 7,00,000.00 | 90 days / 120 days | |

2. **Details of Bid & Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)**

| | | | |
|---|---|---|---|
| Last date of Submission | 2083-06-29 (15th Oct 2026) Time:- 12:00 hrs | Name of Bank | Rastriya Banijya Bank Ltd, Bhadrapur, Jhapa |
| Date of Bid Opening | 2083-06-29 (15th Oct 2026) Time:- 13:00 hrs | Account Name | Ko. Le. Ni. Ka. Jhapa |
| Pre-Bid Meeting | 2083-06-16 (2nd Oct 2026) Time:- 11:00 hrs | Deposit Account No. | 2210100102030000 |

3. **Information to Purchase the Bidding Document**

| Name of the Bank | Name of the Office | Office Code No. | Office Revenue Account No. | Office Revenue Head No. |
|---|---|---|---|---|
| Rastriya Banijya Bank Ltd, Damak, Jhapa | Roads Division Damak, Jhapa | 337011201 | 1000200010000 | 14229 |

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Roads Division Damak, Jhapa (E-mail id: drodamak@gmail.com). Any amendments or notice related to the above bids can be found in the website of Roads Division Damak (Website: dor.gov.np/damak)
5. Roads Division Damak reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason whatsoever.



**अंकुश एड्भरटाइजिङ्ग एण्ड मार्केटिङ्ग प्रा.लि. को खारेजी (लिक्विडेशन) को लागि हकदावी गर्न आउने सम्बन्धी सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/१०/१९ मा दर्ता भएको दर्ता नं. ८०१७० को **अंकुश एड्भरटाइजिङ्ग एण्ड मार्केटिङ्ग प्रा.लि.** को मिति २०८३/०५/२० गतेको विशेष साधारण सभाले गरेको निर्णय अनुसार यस कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजानुपर्ने भएकोले यस कम्पनीले कोही कसैलाई तिर्नु व्यहोर्नु पर्ने ऋण, धन दायित्व एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदी भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर : पूर्ण प्रसाद पराजुली,** दामासाही व्यवसायी इजाजत पत्र नं.-३८३
का.जि.का.म.न.पा. वडा नं.-२९, अनामनगर, मोबाइल नं. ९८५१०२६३३२



**भुल सुधार गरिएको जानकारी बारे।**

यस नविल बैंक लि., जनकपुर भानुचौक शाखाको धितोमा रहेको सम्पत्ति लिलाम विक्रीको लागी मिति **२०८३/०६/०२ गतेका दिन नेपाल समाचारपत्र पत्रिकामा** प्रकाशित गरेको सुचनामा ऋणी हेम कन्सट्रक्सन प्रा. लि.ले उपभोग गरेको ऋणकर्जाको सुरक्षण स्वरुप धितोमा रहेको सावारी साधन विवरणमा तपसिल बमोजिम हुनुपर्नेमा भुलबश अन्यथा भएकोले भुल सुधार गरिएको जानकारी गराउदछौ।

| तपसिल |
|---|
| १. ऋणी **हेम कन्स्ट्रक्सन प्रा.ली.**र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं.प्रदेश ३-०१-००३क ७८७३ भएको Mixture (SLCM). |
| २. ऋणी **हेम कन्स्ट्रक्सन प्रा.ली.**र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं.प्रदेश ३-०१-००३क ४५३१ भएको Concrete mixture. |
| ३. ऋणी **हेम कन्स्ट्रक्सन प्रा.ली.**र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं.प्रदेश ३-०१-००३क ६३५६ भएको Roller. |
| ४. ऋणी **हेम कन्स्ट्रक्सन प्रा.ली.**र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं.प्रदेश ३-०१-००३क ५५९४ भएको JCM Excavator. |
| ५. ऋणी **हेम कन्स्ट्रक्सन प्रा.ली.**र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं.प्रदेश २-०२-००१क ०००१भएको Tata Tipper. |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



## Vacancy Announcement

**Date of notice publication : 2083/06/08**

Scheer Memorial Adventist Hospital Medical Institute – College of Nursing (SMAHMI-CON) established in 2005 is affiliated with Kathmandu University and committed to excellence in nursing education, is dedicated to preparing competent, compassionate, and professional nurses through quality teaching, clinical practice, and community engagement. We invite applications from qualified, motivated, and dedicated nursing professionals for the following positions:

1) Lecturer- Adult Health Nursing
2) Lecturer- Community Health Nursing
3) Lecturer-Nursing(Any Specialty)
4) Registered Nurse(PCL, BSC, BN)

**Qualification:** Master's Degree in respective field with NNC Certificate.

*Interested and eligible candidates are encouraged to apply with their updated CV and relevant academic documents.*

**Scheer Memorial Adventist Hospital**
**Post Box. No. 88, Kathmandu, Nepal**
**scheer.hr@gmail.com**
**Phone No. 011-661111, 011-661112**

# हार्दिक श्रद्धाञ्जली

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥

जन्म : २००४ पौष २०



मृत्यु : २०८३ भाद्र २६

## स्व. विद्या लिम्बू

लिटिल एन्जल्स एजुकेसन ग्रुपका सह-संस्थापक, सबैकी ममतामयी अभिभावक **श्रीमती विद्या लिम्बू** ब्रह्मलीन हुनुभएको १३औं दिनको पुण्य तिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

यस दु:खद घडीमा समस्त शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी श्री परमेश्वरसँग प्रार्थना गर्दछौं ।

उहाँको अथक मिहिनेत, समर्पण र दूरदर्शिताबाट स्थापित यस विद्यालयमाथि उहाँको आशीर्वाद सधैं रहिरहोस् भन्ने कामना पनि गर्दछौं ।

LITTLE ANGELS' EDUCATION GROUP

लिटिल एन्जल्स एजुकेसन ग्रुप परिवार
हात्तीवन, ललितपुर

सम्पादकीय

# क्यान्सर उपचार सेवा जोखिममा नपरोस्

देशकै ठूलो र जेठो सरकारी अस्पताल वीर अस्पतालमा क्यान्सरका बिरामीका लागि सञ्चालनमा रहेको अत्याधुनिक टोमोथेरापी सेवा कुनै पनि बेला अवरुद्ध हुनसक्ने अवस्था सिर्जना हुनु जनस्वास्थ्यका सवालमा गम्भीर चिन्ताको विषय हो । नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको यस्तो संवेदनशील उपचार प्रणाली आर्थिक तथा प्रशासनिक विवादका कारण जोखिममा पर्नु सामान्य होइन । टोमोथेरापी क्यान्सर उपचारमा प्रयोग हुने अत्याधुनिक रेडियोथेरापी प्रविधि हो । क्यान्सरग्रस्त कोषलाई लक्षित गरी रेडिएसन दिने भएकाले जटिल क्यान्सर उपचारमा यसको महत्वपूर्ण भूमिका रहन्छ । वीर अस्पतालमा उपलब्ध यो प्रविधि आर्थिक अवस्था कमजोर भएका नागरिकका लागि समेत महत्वपूर्ण उपचारको आधार हो । त्यसैले यसको निरन्तर सञ्चालन सुनिश्चित गर्नु राज्यको प्राथमिक दायित्व हुनुपर्छ ।

आपूर्तिकर्ता कम्पनी लाइफलाइन ट्रेड इन्टरनेसनल प्रालिले वीर अस्पतालबाट टोमोथेरापी मेसिनको करिब ३० प्रतिशत अर्थात् करिब २० करोड रुपैयाँ भुक्तानी हुन बाँकी रहेको दाबी गर्दै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा पत्र पठाएको विषय सार्वजनिक भएको छ । कम्पनीले भुक्तानी नहुँदा आफू आर्थिक संकटमा परेको र मुख्य उत्पादक कम्पनीलाई रकम भुक्तानी गर्न नसक्दा प्रणालीको प्राविधिक सपोर्टसमेत प्रभावित भएको जनाएको छ । कुनै प्राविधिक खराबी वा ब्रेकडाउन भए त्यसबाट हुने सेवा अवरोध र खर्चको जिम्मेवारी लिन नसक्ने चेतावनीसमेत कम्पनीले दिएको छ । अझ गम्भीर विषय त अदालतबाट समेत भुक्तानी तथा फैसला कार्यान्वयनका विषयमा आदेश र ताकेता भएको अवस्थामा समस्या समाधान हुन नसकेको दाबी गरिएको छ । यदि यस्तो अवस्था सत्य हो भने सम्बन्धित निकायले यसको कारण, जिम्मेवारी र समाधानबारे तत्काल स्पष्ट पार्नुपर्छ । अदालतको आदेश कार्यान्वयनमा ढिलाइ हुनु आफैंमा गम्भीर प्रशासनिक प्रश्न हो ।

सरकारले यस विषयलाई 'कम्पनी र अस्पतालबीचको आर्थिक विवाद'का रूपमा मात्र हेर्न मिल्दैन । यो गम्भीर विषय एउटा मेसिनको भुक्तानीको मात्र होइन, क्यान्सरका बिरामीको उपचार निरन्तरताको हो । उपचारका क्रममा प्रयोग हुने अत्याधुनिक उपकरण बिग्रिएर सेवा रोकियो भने त्यसको प्रत्यक्ष मार बिरामी र उनका परिवारले भोग्नुपर्नेछ । त्यसैले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले तत्काल वीर अस्पताल, आपूर्तिकर्ता र सम्बन्धित प्राविधिक पक्षसँग आवश्यक छलफल गरी वास्तविक अवस्था सार्वजनिक गर्नुपर्छ । भुक्तानीमा समस्या भए कानुनी र प्रशासनिक प्रक्रिया पहिचान गरी तत्काल समाधान गर्नुपर्छ । मेसिन सञ्चालनका लागि आवश्यक प्राविधिक सहयोग, स्पेयर पार्ट्स, मर्मत तथा प्राविधिक जनशक्तिको सुनिश्चितता पनि उत्तिकै आवश्यक छ । सरकारको काम समस्या आएपछि प्रतिक्रिया दिने मात्र होइन, समस्या आउनुअघि जोखिम पहिचान, अनुगमन र मूल्यांकन गरी रोकथाम गर्नु पनि हो । विशेष गरी क्यान्सरजस्तो गम्भीर रोगको उपचारमा प्रयोग हुने उपकरणको नियमित मर्मत–सम्भार, सेवा सम्झौता, वारेन्टी र प्राविधिक सहयोगको अवस्थाको सवालमा सम्बन्धित निकायले निरन्तर अनुगमन गर्नुपर्छ ।

वीर अस्पताल सरकारको एउटा सामान्य कार्यालय होइन । यो मुलुकको स्वास्थ्य सेवाको इतिहास, राज्यको क्षमता र आम नागरिकको विश्वाससँग जोडिएको संस्था हो । त्यसैले यसलाई प्रशासनिक झन्झट, अनावश्यक ढिलासुस्ती र कमजोर व्यवस्थापनका कारण सेवाको गुणस्तर खस्किने अवस्थामा पुर्‍याइनुहुँदैन । वीर अस्पताललाई विशेषज्ञ चिकित्सक, अत्याधुनिक प्रविधि, दक्ष जनशक्ति र प्रभावकारी व्यवस्थापनसहित उच्चस्तरीय सरकारी अस्पतालका रूपमा विकास गर्नुपर्छ । नागरिकले निजी क्षेत्रमा महँगो उपचार खोज्न बाध्य नहुने गरी सरकारी अस्पतालको क्षमता विस्तार गर्नु आजको आवश्यकता हो । टोमोथेरापी सेवा अवरुद्ध हुने सम्भावनालाई सरकारले गम्भीरतापूर्वक लिएर तत्काल निर्णय गरोस् । आर्थिक तथा प्रशासनिक विषयको समाधान राज्यले गर्न सक्छ, तर उपचारको समय गुमाएका बिरामीको क्षति सधैँ पूर्ति गर्न सकिँदैन । नागरिकलाई स्वस्थ भएर बाँच्न पाउने नैसर्गिक अधिकारको रक्षा गर्नु राज्यको दायित्व हो । वीर अस्पतालमा रहेको टोमोथेरापी मेसिन एउटा उपकरण मात्र होइन, क्यान्सरसँग लडिरहेका बिरामीका लागि उपचारको आशा हो । त्यो आशा कुनै आर्थिक वा प्रशासनिक विवादको बन्धक बन्नुहुँदैन ।

**लेखकहरूलाई अनुरोध**

१३०० शब्दका उत्कृष्ट लेख-रचना एवम् पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ ।

email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

# मेरो साथी : नेपालबाट जापानले पनि सिक्ने सम्बन्धको कथा



अनुषा श्रेष्ठ

सन् २०१५ अप्रिल २५ मा नेपालमा विनाशकारी भूकम्प गएपछि जापानका विश्वविद्यालय विद्यार्थीहरूले नाडीमा लगाउने ब्यान्ड बनाएर वितरण गर्न थाले। त्यसमा नेपालीका दुई शब्द लेखिएका थिए- 'मेरो साथी'। उद्देश्य प्रभावित समुदायका लागि सहयोग जुटाउनु थियो। तर ती शब्दमा आर्थिक सहयोगको आह्वानभन्दा गहिरो अर्थ थियो। विद्यार्थीले सहयोग गर्न खोजेका मानिसहरू टाढाको देशका अपरिचित पीडित मात्रै थिएनन्, उनीहरूमध्ये कतिपयसँग विद्यार्थीले खाना खाएका थिए, एउटै घरमा बसेका थिए, यात्रा गरेका थिए र जीवनबारे सिकेका थिए।

भूकम्पले त्यो मित्रता जन्माएको थिएन। यसले वर्षौंदेखि निर्माण भइरहेको सम्बन्धलाई नाम दिएको थियो। यही सम्बन्धको यात्रामा जापानको टोकियो केइजाई विश्वविद्यालयका प्राध्यापक अकिनोरी सेकीको र क्षितिज भट्टराईको शैक्षिक दृष्टिकोण जोडिएको छ। एसिया एसोसिएसन अफ एजुकेसन एन्ड एक्सचेन्ज (एएईई) का अध्यक्षसमेत रहेका प्राध्यापक सेकीका लागि नेपाल सहायता पुर्‍याउने गन्तव्य मात्र थिएन, यो जापानी युवाले अरूलाई बुझ्दै आफ्नै समाज र आफूलाई पनि नयाँ दृष्टिले हेर्न सिक्ने ठाउँ थियो, साथसाथै भट्टराईका लागि यो एउटा नेपाली विद्यार्थीका निम्ति सुनौलो प्लेटफर्मको स्वरूप बन्ने मनसाय थियो।

### नेपाललाई बुझ्ने, नेपालीसँग सिक्ने

सन् २००८ मा प्राध्यापक सेकीले आफ्नो विश्वविद्यालयको सेमिनार समूहका विद्यार्थीलाई शैक्षिक कार्यक्रमअन्तर्गत नेपाल ल्याउन थाले। पहिलो वर्ष उनीहरू पाल्पाका विभिन्न गाउँ पुगे। अर्को वर्ष जल्पा मैदानसँग सम्बन्ध जोडियो। गाउँका मानिससँगको भेटघाटले पाठ्यपुस्तक वा छोटो पर्यटकीय भ्रमणले देखाउन नसक्ने जीवनका पक्ष खोलिदियो। स्थानीय समुदाय विद्यार्थीका लागि अध्ययनको विषय मात्रै रहेन, उनीहरूको सिकाइमा योगदान गर्ने साझेदार बन्न थाल्यो।

यस प्रयासको पछाडि जापानी समाजसँग सम्बन्धित प्रश्न पनि थियो। नेपालमा जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विविधता दैनिक जीवनको अङ्ग हो। जापानमा भने सांस्कृतिक एकरूपताको मान्यता लामो समयदेखि प्रभावशाली रहँदै आएको छ। फरक पृष्ठभूमिका मानिससँग कसरी सँगै बाँच्ने भन्ने चुनौती सामना गरिरहेको जापानले नेपालका अनुभवबाट पनि सिक्न सक्छ भन्ने प्रा. सेकीको विश्वास थियो। यो विश्वास भ्रमणको कार्यक्रम बनाउनमै सीमित रहेन। प्रा. सेकी परिवारसहित नेपालमा बसे र उनका छोराछोरी नेपाली विद्यालयमा पढे। यसले उनीहरूलाई नेपाली समाजका त्यस्ता पक्षसँग परिचित गरायो। त्यसबाट एउटा मान्यता बलियो भयो- जापानी विद्यार्थीले नेपालबारे मात्रै होइन, नेपालीसँग मिलेर सिक्नुपर्छ।

### समुदायसँग काम गर्दा बदलिएको दृष्टि

जल्पा मैदानमा पानीको सीमित उपलब्धता दैनिक जीवनको चुनौती थियो। प्रा. सेकी र विद्यार्थीले स्थानीय बासिन्दासँग मिलेर कङ्क्रिटको पानी ट्याङ्की निर्माणमा सहयोग गरे। यो संरचना निर्माणको अनुभव मात्र थिएन। बाहिरबाट आउनेले समस्या देख्नेबित्तिकै समाधान आफूले दिनुपर्छ भन्ने मान्यता राख्न सक्छ। तर समुदायसँग काम गर्दा पहिले स्थानीयका कुरा सुन्नु, उनीहरूको प्राथमिकता बुझ्नु र निर्णय गर्ने क्षमतालाई सम्मान गर्नु आवश्यक हुन्छ।

यस अनुभवले अन्तर्राष्ट्रिय सहयोगको अर्थमाथि प्रश्न उठायो। सहयोगको मूल्य रकम वा सामग्रीबाट मात्रै मापन गर्न सकिँदैन। त्यसले स्थानीय मानिसको आत्मसम्मान र आफ्नै जीवनलाई दिशा दिने क्षमतालाई कसरी साथ दिन्छ भन्ने पनि महत्वपूर्ण हुन्छ। विद्यार्थीका लागि नेपाल सिकेका कुरा लागू गर्ने ठाउँ मात्रै नभई आफ्नै सोचको सीमा थाहा पाउने ठाउँ बन्यो। सन् २०१२ देखि एएईईले नेपाली र जापानी विश्वविद्यालयका विद्यार्थी सहभागी हुने अन्तर्राष्ट्रिय सहसिकाइ कार्यक्रम सञ्चालन गर्न थाल्यो। एउटा विश्वविद्यालयको सेमिनार समूहबाट शुरु भएको प्रयास फराकिलो हुँदै गयो। नेपाली युवा जापानी विद्यार्थीलाई समुदाय र संस्थासँग जोड्ने सक्रिय सहभागी बने। 'मेरो साथी' नाम जन्मिनुअघि नै पारस्परिक सिकाइको आधार तयार भइरहेको थियो।

### विपत्तिमा प्रकट भएको मित्रता

सन् २०१५ को भूकम्पले यस यात्रालाई निर्णायक मोडमा पुर्‍यायो। वर्षौंदेखि नेपाल आइरहेका प्रा. सेकी र विद्यार्थीका लागि त्यो विदेशको समाचार मात्रै थिएन। उनीहरूले चिनेका ठाउँ, बसेका समुदाय र भेटेका मानिस सङ्कटमा थिए। भूकम्पपछि टोकियो केइजाई विश्वविद्यालय र एएईईले नेपाली विद्यार्थी शरदकुमार शर्मा र क्षितिज भट्टराईसँग समन्वय गर्दै राहत तथा पुनःस्थापनाका गतिविधि अघि बढाए। जापानमा आर्थिक सहयोग सङ्कलन, सार्वजनिक कार्यक्रम र जनचेतना अभियान सञ्चालन भए। यी प्रयासमा जापानको परराष्ट्र मन्त्रालय, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग र एनएचकेलगायत संस्थाको समर्थन तथा सहकार्य प्राप्त भयो। पहिल्यै बनेका सम्बन्धले सहयोग परिचालन गर्ने आधार दिए।

अगस्ट २०१५ मा भूकम्पपछिको पहिलो 'मेरो साथी' आदानप्रदान कार्यक्रममा नेपाल र जापानका १०-१० गरी २० विद्यार्थी सहभागी भए। समुदायमा बस्ने, सहयोग गर्ने र सँगै अनुभव बाँड्ने गतिविधि जोडिए। तत्कालीन स्टुडेन्ट लिडर क्षितिज भट्टराई र अन्य नेपाली विद्यार्थीको सल्लाहमा बाख्रा वितरण र खोर निर्माण सहयोगमा पहल गरे, परिवारलाई निरन्तर आम्दानीको स्रोत विकास गर्न सघाउने उद्देश्य राखे। पछि एएईईले त्यस आम्दानीको केही हिस्सा समुदायको शिक्षामा लगाउन सकिने ढाँचा पनि प्रस्ताव गर्‍यो। यी पहल साना थिए, तर तिनको सन्देश स्पष्ट थियो- पुनःस्थापनाले मानिसलाई सधैँ सहायता पाउने पहिचानमा राख्नुहुँदैन, सम्मानपूर्वक आफ्नो जीवन पुनर्निर्माण गर्न साथ दिनुपर्छ।

### सहभागी नै अर्को पुस्ताका सहयात्री

कार्यक्रमको निरन्तरतामा नेपाली पक्षको नेतृत्व महत्वपूर्ण छ। क्षितिज भट्टराईले सन् २०१६ देखि हरेक 'मेरो साथी' कार्यक्रमको नेपाली पक्षका संयोजकका रूपमा काम गर्दै आएका छन्। पछि उनले हिमवन नेपाल नामक प्राइभेट कम्पनी स्थापना गरे। पहिले सहभागी रहेका व्यक्तिले नयाँ विद्यार्थीका लागि अवसर निर्माण गर्ने संस्था खडा गर्नु यस यात्राको उल्लेखनीय उपलब्धि हो।

अहिले प्रा. सेकीको सेमिनार समूह, एएईई र हिमवन नेपालले परिपूरक भूमिका निर्वाह गर्छन्। विश्वविद्यालयको समूहले शैक्षिक आधार दिन्छ, एएईईले फराकिलो अन्तर्राष्ट्रिय सहसिकाइको संरचना उपलब्ध गराउँछ र हिमवन नेपालले नेपाली विद्यार्थी, समुदाय तथा संस्थासँग समन्वय गर्छ। कोभिड-१९ ले यात्रा र प्रत्यक्ष आदानप्रदान रोके पनि बनिसकेका सम्बन्ध समाप्त भएनन्। कार्यक्रम व्यक्ति र संस्थाबीच मात्र होइन, सहभागीका पुस्ताबीच पनि जोडिँदै गयो।

### हामी एक-अर्काबाट के सिक्न सक्छौं ?

शुरुमा जापानी विद्यार्थीले नेपालबारे के सिक्ने भन्ने प्रश्न थियो। विपत्तिले समुदायका लागि के गर्न सकिन्छ भन्ने प्रश्न थप्यो। अब मुख्य प्रश्न अझ पारस्परिक बन्यो- हामी एक-अर्काबाट के सिक्न सक्छौं ? नेपाली विद्यार्थी आफ्नो संस्कृति बुझाइदिने व्यक्ति मात्र रहेनन्, उनीहरूका ज्ञान, अनुभव र प्रश्नले जापानी विद्यार्थीको सोचलाई चुनौती दिन सक्थे। जापानी विद्यार्थी पनि पर्यवेक्षक मात्र रहेनन्, उनीहरूले आफ्ना मान्यता स्पष्ट पार्न र तिनको सीमाबारे सोच्नुपर्‍यो। दुवै पक्षले अरूको समाजसँगै आफ्नै समाजलाई पुनः हेर्ने अवसर पाए।

यस्तो सिकाइ प्रायः कक्षाकोठाबाहिर हुन्छ। स्थानीय परिवारसँग बस्दा, सँगै खाना खाँदा, विद्यालय र संस्थाको भ्रमण गर्दा वा कुनै विषयमा असहमति हुँदा आफ्ना स्वाभाविक ठानिएका मान्यतामाथि प्रश्न उठ्छ। अर्को व्यक्तिको व्यवहार तुरुन्तै मूल्याङ्कन गर्नुभन्दा त्यसको पृष्ठभूमि बुझ्न सिकिन्छ। मित्रता यहाँ सुखद सम्झना मात्रै होइन, कठिन प्रश्न सोध्न र सुन्न सकिने सम्बन्धको आधार पनि हो।

शिक्षामा ठोस सहयोग भने रोकिएन। सन् २०१७ मा भट्टराईके नेतृत्वमा पोखराको एउटा विद्यालयलाई प्रयोग भइसकेका तीन ल्यापटप, शैक्षिक सामग्री र अस्थायी इन्टरनेट सुविधा उपलब्ध गराइयो। सन् २०१९ मा जापानी विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीले स्यामरक स्कुलका एक विद्यार्थीको पाँच वर्षको शिक्षाका लागि करिब ७ लाख २० हजार रुपैयाँ योगदान गरे। पारस्परिक सिकाइ र सहयोग सँगसँगै अघि बढ्यो।

### नेपालबाट जापानतर्फ पनि बग्ने ज्ञान

नेपाललाई सम्पन्न देशका विद्यार्थीले विकास वा गरिबी अध्ययन गर्ने ठाउँका रूपमा मात्र हेर्दा यहाँको ज्ञान अदृश्य हुन सक्छ। नेपालको विविधता, सामुदायिक सम्बन्ध र भिन्नताबीच सहअस्तित्वका अनुभव जापानका लागि पनि सिकाइका स्रोत हुन्। यसको अर्थ नेपाललाई आदर्श समाज मान्नु भने होइन। नेपाल र जापान दुवैमा असमानता, सामाजिक समस्या र अन्तर्विरोध छन्। सहसिकाइको उद्देश्य एउटालाई श्रेष्ठ र अर्कोलाई कमजोर ठहर गर्नु होइन। अर्को समाजका सबल पक्ष र सीमा बुझ्दै त्यही आलोचनात्मक दृष्टि आफ्नै समाजतर्फ फर्काउनु हो। यसरी सांस्कृतिक सम्मानसँगै आलोचनात्मक बुझाइ पनि विकास गर्ने कार्यक्रमको उद्देश्य छ।

झन्डै दुई दशकको यस यात्राले अन्तर्राष्ट्रिय शिक्षाबारे एउटा महत्वपूर्ण प्रश्न उठाउँछ- विद्यार्थीलाई अर्को देश देखाउनु मात्रै पर्याप्त छ, कि त्यहाँका मानिससँग आफ्ना धारणासमेत बदलिन सक्ने सम्बन्ध निर्माण गर्नुपर्छ ? प्रा. सेकीको अभ्यासले दोस्रो सम्भावनालाई अघि सारेको छ। त्यसका लागि समय, निरन्तरता र दुवै पक्षको सहभागिता आवश्यक हुन्छ। छोटो भेटलाई दीर्घकालीन सिकाइसँग जोड्ने आधार पनि यही हो। 'मेरो साथी'को अर्थ अन्ततः यही हो- राष्ट्रिय परिचयभित्र सीमित नगरी अर्को व्यक्तिलाई चिन्नु। विपत्तिमा चिन्ता लाग्ने मानिस, असहमतिमा पनि सुन्नुपर्ने आवाज र आफ्नो बुझाइ बदल्न सक्ने सहयात्रीका रूपमा हेर्नु। जापानमा बाँडिएको सानो ब्यान्डका दुई शब्द आज पनि यही सम्भावना बोकेर उभिएका छन्, मानिसबीच बनेको सम्बन्ध अर्को पुस्ताको शिक्षाको आधार बन्न सक्छ।

(लेखक श्रेष्ठ 'मेरो साथी प्रोजेक्ट २०२६' मा सहभागी हुनुहुन्छ।)


## कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०६/०८**

तपसिलमा उल्लिखित तपाईं ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अन्तर्गत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईं तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईंहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीहरुको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|---|
| १ | **होटल एभर ग्रीन लज एण्ड पार्टी प्यालेस**<br>**दर्ता नं.: २०**<br>ठेगाना : गैडहवा ०६, रुपन्देही<br>दर्ता गर्ने कार्यालय : गैडहवा गाउँपालिका ६ नं. वडा कार्यालय, सुर्यपुरा, रुपन्देही<br>स्थायी लेखा नं.: ६१२७३७६६४<br>**प्रोप्राईटरको नाम/जमानतकर्ता: धनेश कुर्मी**<br>**ना.प्र.नं. : ३७-०१-७०-०९४२४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।<br>बुबा : भरथ कुर्मी<br>बाजे : बल्ली कुर्मी<br>ठेगाना : रुपन्देही जिल्ला सुर्यपुरा गा.वि.स वडा नं.०९, हाल गैडहवा गा.पा वडा नं. ०६ ।<br>**शाखा कार्यालय : मैनिया**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक**<br>**धितो/धनजमानीकर्ताहरुको विवरण-**<br>**पट्ट कुर्मी**<br>**ना.प्र.नं. : ३७१०५३/४/२४०८३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।<br>बाबु : भरथ कुर्मी<br>बाजे : बल्ली कुर्मी<br>ठेगाना : रुपन्देही जिल्ला सुर्यपुरा गा.वि.स वडा नं.०९, हाल गैडहवा गा.पा वडा नं. ०६ । | **सुरसती कुर्मी**<br>**ना.प्र.नं. : ३७३०५३/१६६२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।<br>पति : भरथ कुर्मी<br>ससुरा : बल्ली कुर्मी<br>ठेगाना : रुपन्देही जिल्ला सुर्यपुरा गा.वि.स वडा नं. ०९, हाल गैडहवा गा.पा वडा नं. ०६ ।<br>**भरथ कुर्मी**<br>**ना.प्र.नं. : ३८१०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।<br>बाबु : बल्ली कुर्मी<br>बाजे : चैत्र कुर्मी<br>ठेगाना : रुपन्देही जिल्ला सुर्यपुरा गा.वि.स वडा नं. ०९, हाल गैडहवा गा.पा वडा नं. ०६ ।<br>**उर्मिला कुमारी कुर्मी**<br>**ना.प्र.नं. : ३७-१२-७५-०००५५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।<br>पति : धनेश कुर्मी<br>ससुरा : भरथ कुर्मी<br>ठेगाना : रुपन्देही जिल्ला गैडहवा गा.पा वडा नं. ०६ । |
| २ | **सुग्रीव यादव**<br>**ना.प्र.नं. : ११२०/२४९४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु ।<br>बुबा : त्रिवेणी अहिर<br>बाजे : प्रभु अहिर<br>ठेगाना : कपिलवस्तु जिल्ला भगवानपुर गाउँ पञ्चायत वडा नं.०७, हाल नवलपरासी जिल्ला रामग्राम न.पा वडा नं. ०१ ।<br>**शाखा कार्यालय : परासी**<br>**कर्जा शीर्षक : सरल अधिविकर्ष कर्जा ।** | **गायत्री यादव**<br>**ना.प्र.नं. : ४९७४२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी ।<br>पति : सुग्रीव यादव<br>ससुरा : त्रिवेणी अहिर<br>ठेगाना : कपिलवस्तु जिल्ला भगवानपुर गाउँ पञ्चायत वडा नं.०७, हाल नवलपरासी जिल्ला रामग्राम न.पा वडा नं. ०१ । |
| ३ | **गायत्री यादव**<br>**ना.प्र.नं. : ४९७४२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी ।<br>पति : सुग्रीव यादव<br>ससुरा : त्रिवेणी अहिर<br>ठेगाना : कपिलवस्तु जिल्ला भगवानपुर गाउँ पञ्चायत वडा नं.०७, हाल नवलपरासी जिल्ला रामग्राम न.पा वडा नं. ०१ ।<br>**शाखा कार्यालय : परासी**<br>**कर्जा शीर्षक : आवास कर्जा किस्ताबन्दी ।** | **सुग्रीव यादव**<br>**ना.प्र.नं. : ११२०/२४९४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु ।<br>बुबा : त्रिवेणी अहिर<br>बाजे : प्रभु अहिर<br>ठेगाना : कपिलवस्तु जिल्ला भगवानपुर गाउँ पञ्चायत वडा नं.०७, हाल नवलपरासी जिल्ला रामग्राम न.पा वडा नं. ०१ ।<br>**शिव नारायण यादव**<br>**ना.प्र.नं. : १३६२५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी ।<br>बुबा : झकरी अहिर<br>बाजे : दुखी अहिर<br>ठेगाना : नवलपरासी जिल्ला रामग्राम न.पा वडा नं. ०३ । |
| ४ | **ललिता कस्मेटिक पसल**<br>**प्रा.फ.दर्ता नं. : ११०२४/२६५**<br>ठेगाना : घोराही उपमहानगरपालिका ११, दाङ ।<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ ।<br>स्थायी लेखा नं. : ६०८६००३०९<br>**प्रोप्राईटरको नाम/जमानतकर्ता : ललिता श्रेत्री**<br>**ना.प्र.नं. : ३९१०६६/२०७२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पाल्पा ।<br>पति : याम बहादुर रावत<br>ससुरा : लोक बहादुर रावत<br>ठेगाना : पाल्पा जिल्ला तानसेन गा.वि.स/उ.म.न.पा. वडा नं.११, हाल दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. ११ ।<br>**शाखा कार्यालय : तुलसिपुर**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक ।** | **याम बहादुर रावत**<br>**ना.प्र.नं. : २४२२/२८१०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ ।<br>बाबु : लोक बहादुर रावत<br>बाजे : देवी सिं रावत<br>ठेगाना : दाङ जिल्ला ढिकपुर गा.वि.स वडा नं.०७, हाल दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. ११ ।<br>**कमला कुमारी रावत**<br>**ना.प्र.नं. : ३०६८/१९५६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ ।<br>पति : लोक बहादुर रावत<br>ससुरा : देवी सिं रावत<br>ठेगाना : दाङ जिल्ला ढिकपुर गाउँ पञ्चायत वडा नं.०७, हाल दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. ११ । |
| ५ | **नितेश किराना एण्ड जनरल स्टोर्स**<br>**प्रा.फ.र.नं.: १३५१९/२०७७/०७८, स्थानीय व्यापार**<br>ठेगाना : चैनपुर -१, हाल धनगढीमाई नगरपालिका-८, सिराहा ।<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराह ।<br>स्थायी लेखा नं. : ६१४८९८७४१<br>**प्रोप्राईटरको नाम/जमानतकर्ता : राम वृक्ष महतो**<br>**ना.प्र.नं. : १५३०४६/१०३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा ।<br>बाबु : अमिर चन महतो<br>बाजे : अच्छेलाल महतो<br>ठेगाना : सिराहा जिल्ला अयोध्यानगर गा.वि.स वडा नं.०१, हाल धनगढीमाई न.पा.वडा नं. ०८ ।<br>**शाखा कार्यालय : लाहान**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक ।**<br>**धितो/धनजमानीकर्ताहरुको विवरण-**<br>**सीरी वली देवी महतो**<br>**ना.प्र.नं. : १५३०४६/९५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा ।<br>पति : जूगली महतो<br>ससुरा : अमिर चन महतो<br>ठेगाना : सिराहा जिल्ला अयोध्यानगर गा.वि.स वडा नं.०१, हाल धनगढीमाई न.पा.वडा नं. ०८ । | **सती कुमारी महतो**<br>**ना.प्र.नं. : १५-०१-७०-०७८४०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा ।<br>पति : राम वृक्ष महतो<br>ससुरा : अमिरचन महतो<br>ठेगाना : सिराहा जिल्ला अयोध्यानगर गा.वि.स वडा नं.०१, हाल धनगढीमाई न.पा.वडा नं. ०८ ।<br>**अमिर चन महतो**<br>**ना.प्र.नं. : २९९११७८१**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा ।<br>बाबु : अच्छेलाल महतो<br>बाजे : थाहा नभएको<br>ठेगाना : सिराहा जिल्ला दुर्गापुर गा.वि.स वडा नं.०२, हाल धनगढीमाई न.पा.वडा नं. ०८ ।<br>**सुच्ची वती**<br>**ना.प्र.नं. : २९९११७८२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा ।<br>पति : अमिर चन महतो<br>ससुरा : अच्छेलाल महतो<br>ठेगाना : सिराहा जिल्ला दुर्गापुर गा.वि.स वडा नं.०२, हाल धनगढीमाई न.पा.वडा नं. ०८ ।<br>**जूगली महतो**<br>**ना.प्र.नं. : १५३०४६/१०५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा ।<br>बाबु : अमिर चन महतो<br>बाजे : अच्छेलाल महतो<br>ठेगाना : सिराहा जिल्ला अयोध्यानगर गा.वि.स वडा नं.०१, हाल धनगढीमाई न.पा.वडा नं. ०८ । |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।

## तीन...

जल तथा मौसस विकास विभागले बुधवार बिहान सूचना जारी गरी आगामी तीनदिनमा केही स्थानमा भारी, धेरै भारी र अति भारी वर्षा हुन सक्ने जानकारी दिएको छ। महाशाखाका अनुसार बुधवार दिउँसो कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागका एक दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

आज बिहीवार राति कोशी प्रदेशको हिमाली, पहाडी र तराई भू-भाग, बागमती प्रदेशको पहाडी र तराई भूभाग तथा गण्डकी र लुम्बिनी प्रदेशको तराई भू-भागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ।

आज दिउँसो लुम्बिनी, कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षा हुन सक्न सम्भावना रहेको छ। राती कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा हुन सक्ने महाशाखाको पूर्वानुमान छ। भोलि शुक्रवार दिउँसो कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ। लुम्बिनी र गण्डकी प्रदेशको एक-दुई स्थानमा अति भारी वर्षाको सम्भावना छ।

जिल्लागत रूपमा असोज ९ र १० गते वर्षाको फैलावट देशभर नै उच्च बिन्दुमा पुग्नेछ। यी दिनमा कोशी प्रदेशका ओखलढुङ्गा, भोजपुर, संखुवासभा, बागमतीको रसुवा, धादिङ, सिन्धुपाल्चोक, काठमाडौँ उपत्यका तथा गण्डकीका गोरखा, मनाङ र मुस्ताङका शतप्रतिशत भूभागमा वर्षा हुने अनुमान छ। मौसमविद्‌हरूले पूर्वसूचनाका रूपमा बुझेर सतर्कता अपनाउनुपर्नेमा जोड दिएका छन्।

विभागले जारी गरेको विशेष मौसम बुलेटिनमा असोज ९ गतेदेखि ११ गतेसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा हुने र एक-दुई स्थानमा अतिभारी २०० मिलिमिटरभन्दा बढी वर्षाको समेत सम्भावना रहेको जनाएको छ।

विभागले २४ घण्टामा ५० देखि १०० मिलिमिटरसम्मको वर्षालाई भारी, १०० देखि २०० मिलिमिटरलाई धेरै भारी र २०० मिलिमिटरभन्दा बढीलाई अति भारी वर्षा मानिन्छ। यो प्रणालीको असरले उच्च हिमाली भेगमा भारी हिमपातसमेत गराउने भएकाले पर्वतारोहण र पदयात्रामा निस्कन पनि जोखिमपूर्ण हुने देखिएको छ।

सरकारले ८ देखि १२ गतेसम्म लगातार वर्षा हुने भएपछि उच्चसतर्कता अपनाउन आग्रह गरेको छ। गृहमन्त्री सुधन गुरुङ र ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मंगलवार जल तथा मौसम विभाग अवलोकन गरी वर्षाको अवस्थाबारे जानकारी दिनुभएको थियो। सरकारले वर्षाअघि र पछिको अवस्थापछि विपद् व्यवस्थापनको लागि पूर्ण तयारी गर्न देशैभरका जिल्ला प्रशासन कार्यालयलगायत मातहतका निकायलाई निर्देशन दिएको छ।

हिजो राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विशेष सूचना जारी गर्दै आम नागरिक र सबै सरोकारवाला निकायलाई उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ। प्राधिकरणले बाढी, पहिरो, गेग्रान बहाव र डुबानको उच्चजोखिम रहेकाले उक्त अवधिमा अत्यावश्यक कामबाहेक लामो दूरी र विशेषगरी रातीको समयमा यात्रा नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ।

साथै जोखिमयुक्त राजमार्ग र सडकहरूमा डोजर, एक्साभेटरजस्ता उपकरणहरू तयारी अवस्थामा राख्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ। तीनवटै सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह र स्वयंसेवकलाई प्रतिकार्यका लागि तयारी अवस्थामा रहन निर्देशन दिएको छ।

## अब...

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भोलिदेखि भारी वर्षा हुने जानकारी दिएको छ। वर्षाले बाटो बिग्रिने, बाढी र पहिरो आउन सक्ने सम्भावना भएकाले प्राधिकरणले रातको समय र टाढाको यात्रा नगर्न सूचित गराएको छ।

प्राधिकरणको सूचनालाई मध्यनजर गर्दै महासंघले सवारी चालक, परिचालक, बुकिङ कर्मचारी र यात्रुलाई सचेत गराएको हो। यात्रा गर्नुपरेमा पूर्वजानकारी लिन, स्थानीय र सुरक्षा निकायसँग समन्वय गर्न भनिएको छ।

## सावधानी...

'मौसम प्रणालीको प्रभावका कारण गण्डकी प्रदेशको पोखरा आसपास, लुम्बिनीको पहाडी तथा तराई क्षेत्र, कोशीको ताप्लेजुङलगायत हिमाली भूभाग, बागमतीको पहाडी खण्ड, कर्णालीको जुम्ला आसपास तथा सुदूरपश्चिमका पहाडी क्षेत्रहरूमा बाढी, पहिरो, डुबान तथा सडक अवरोधको जोखिमप्रति विशेष सतर्क रहन आवश्यक छ' -प्रधानमन्त्री बालेनले आफ्नो फेसबुक पेजमा लेख्नुभएको छ।

## सेना...

सरकारको पछिल्लो विवरणमा हजारौँ मानिस अझै सम्पर्कविहीन रहेको देखिन्छ। यस्तो अवस्थामा नदी किनारमा भेटिने प्रत्येक मानव अवशेष सम्भावित परिवारको अन्तिम आशासँग जोडिएको हुन्छ। त्यसलाई 'सिनो' भनेर मात्र पन्छाउन मिल्दैन पीडित शंकर कार्की बताउनुहुन्छ।

कुनै परिवारले आफ्ना आफन्तको अन्तिम अवस्थाबारे थाहा पाउन महिनौँ कुर्नुपर्ने अवस्था आउनु आफैँमा अर्को मानवीय संकट हो। त्यसैले नदीमा भेटिएका मानव अवशेषको संकलन, पहिचान र परिवारसम्म पुर्‍याउने प्रक्रिया तीव्र र व्यवस्थित बनाउनुपर्ने माग पीडित परिवारबाट उठिरहेको छ।

